# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# गण्डकी प्रदेश कार्यालय,
## पोखरा, कास्की

### प्रशिक्षण सामाग्री अनुदानको लागि कागजपत्र पेश गर्ने सम्बन्धी सूचना
(सूचना प्रकाशित मिति २०८३ /०१ / १७)

गण्डकी प्रदेश अन्तर्गत सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) र साझेदारी शिक्षालयहरुले मात्र **चालु शैक्षिक सत्र ०८२/८३ मा सन्चालित कार्यक्रममा स्वीकृत कोटाको कम्तिमा ५०(पचास) प्रतिशत विद्यार्थी भर्ना भई रजिष्ट्रेशन भएका र गत शैक्षिक सत्रको अन्तिम सेमेष्टर/ वार्षिक परीक्षामा कम्तिमा ५०(पचास) प्रतिशत परीक्षार्थीहरु परीक्षामा सम्मिलित भएका शिक्षण संस्थाहरुलाई** निश्चित मापदण्ड पुरा गरी चालु आ.व.को कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८२/८३ अनुसार प्रशिक्षण सामाग्री खरिदको लागि रु ३,००,०००/- (तिन लाख) अनुदान उपलब्ध गराईने हुँदा सोको लागि यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र तपसिल अनुसारका कागजातहरु सहित अनुदान रकम सोधभर्ना भुक्तानी पाउँ भन्ने विद्यालयको पत्र यस प्रदेश कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**अनुदान रकम सोधभर्ना भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरु:**

१. यस शैक्षिक सत्रको विद्यार्थी भर्ना रजिष्ट्रेशन विवरण।
२. शुल्क निर्धारण सम्बन्धी व्यवस्थापन समितिको पछिल्लो निर्णय।
३. सम्बन्धन स्वीकृति पत्र।
४. प्रशिक्षण सामाग्री खरीद प्रस्ताव रु ३,००,०००/- (तिन लाख) सम्मको।
५. अघिल्लो आ. व. को लेखापरीक्षण प्रतिबेदन।
६. गत शैक्षिक सत्रमा अन्तिम सेमेष्टर / बार्षिक परीक्षामा सम्मिलित प्रशिक्षार्थीहरुको समष्टिगत विवरण।
७. शिक्षालयको शैक्षिक प्रगति प्रतिवेदन।
८. प्रशिक्षण सामाग्री खरिद सम्बन्धी विद्यालय व्यावस्थापन समितिको निर्णय।
   क. कार्य योजना र ईष्टिमेट स्वीकृत गरिएको निर्णय।
   ख. कार्य सम्पन्न भएकोले सोधभर्ना माग गर्ने निर्णय।
९. माग फाराम,खरिद आदेश,दाखिला प्रतिवेदन,जाँचपास प्रतिवेदन,कोटेशनका कागजातहरु, तुलनात्मक अध्ययन तालीका।
१०.प्रशिक्षण सामाग्री खरीद गरेको बिल बिजक प्रमाणित प्रतिलिपि।
११. शैक्षिक उपकरण तथा सामाग्रीहरुको जिन्सी दाखिला प्रमाणित प्रतिलिपि।

निर्देशक